दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ८४ | बुटवल | २०८२ चैत १० गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday March 24, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१


# अलपत्र पशु बधशाला 'फोर पी' मोडेलमा चलाउन मासु व्यवसायी तयार

**जुन विन्दुमा उपमहानगरले गल्ती गरेको थियो, त्यहींबाट सच्चाएर किसान र व्यवसायीको लगानी सुनिश्चित गरेर नयाँ मोडालिटी बनाए मात्र दीगोरुपमा चल्ने सरोकारवालाको ठम्याइ छ।**






**टिआर शर्मा**

*बुटवल*

राज्यको करोडौं लगानी भएर पनि बन्द अवस्थामा अलपत्र रहेको बुटवलको आधुनिक पशु बधशालालाई किसान र व्यवसायीको लगानी सुनिश्चित गरी छिट्टै सञ्चालनमा ल्याउन मासु व्यवसायी संघ रुपन्देहीले अग्रसरता लिने भएको छ।

शुरुमा सार्वजनिक, निजी, सहकारी (उत्पादक) साझेदारी अवधारणा (फोर पी मोडेल) बमोजिम बुटवल मासु उत्पादन तथा प्रशोधन प्रालिलाई सञ्चालन गर्न दिने तयारी भए पनि अन्तिममा बुटवल उप-महानगरपालिकाले टेण्डरमार्फत् निजी कम्पनी मुक्तिनाथ लाइभस्टक बैङ्क लिमिटेडलाई दिएको थियो।

सयौं मासु व्यवसायी र हजारौं बाख्रा पालक किसान आबद्ध बुटवल मासु उत्पादन तथा प्रशोधन प्रालिसँगको पूर्व सहमति एकाएक रद्द गरेर निजी कम्पनीलाई दिएपछि व्यवसायीहरु बधशाला जान अस्वीकार गरेपछि बधशालाबारे विवाद सुरु भएको थियो।

व्यवसायीमाथि निरन्तर अनुगमनको नाममा धरपकड र जरिवाना गरेर बधशाला जान बाध्य बनाउने उपमहानगरपालिकाको प्रयासलाई व्यवसायीले असफल बनाएपछि मुक्तिनाथ लाइभस्टकले चलाउन नसकेर बन्द गरेको छ।

५ वर्षका लागिसम्झौता भएपनि एक वर्ष नपुग्दै मुक्तिनाथले हात झिक्दै उल्टै उपमहानगरविरुद्ध मुद्दा मामिला गरेपछि बधशाला झण्डै एक वर्षदेखि बन्द छ।

व्यवसायी र किसानमाथि धोका र घात भएर बन्द बधशालामा उपमहानगरले किसान र मासु व्यवसायीको लगानी सुनिश्चित गरेमा पुनः फोर पी मोडलमा सञ्चालन गर्न आफूहरु तयार रहेको मासु व्यवसायी संघ रुपन्देहीका महासचिव थानिश्वर सुवेदीले बताए।

संघको १५औं वार्षिक साधारणसभा तथा आठौं अधिवेशनमा प्रस्तुत प्रतिवेदनमा समेत संघले शुरुमा जसरी फोर पी मोडलमा सञ्चालन गर्ने सहमति थियो सोहीअनुसार उपमहानगरले मोडालिटी बनाए बधशाला सञ्चालनको जिम्मा लिन आफूहरु तयार रहेको महासचिव सुवेदीले बताए।

'बधशालामा राज्यले करोडौं लगानी गर्नुको उद्देश्य यहाँका सयौं व्यवसायीले बधशालामा मात्रै बध गर्ने, उपभोक्ताले स्वच्छ मासु उपभोग गर्न पाउने, हजारौं बाख्रापालक किसानको बजार सुनिश्चित हुने गरी फोर पी मोडलमा सञ्चालन गर्ने भन्ने नै थियो,' महासचिव सुवेदीले भने-'तर पछि उपमहानगरले टेण्डरको नाममा निजी कम्पनीलाई दिएकै कारण बधशाला अलपत्र परेको हो, अब जुन विन्दुमा उपमहानगरले गल्ती गरेको थियो, त्यहींबाट सच्चाएर किसान र व्यवसायीको लगानी सुनिश्चित गर्नुपर्छ र मात्र बधशाला दीगोरुपमा चल्छ, त्यो अवस्था बने हामी तयार छौं।'

शुरुमा आधा दर्जन सहकारी संस्थामार्फत् करिब ५ हजार बाख्रा पालक किसान महिलाले गरेको शेयर लगानी फिर्ता गरी नयाँ विन्दुबाट उनीहरुलाई पुनः बधशाला सञ्चालनको फोर पी मोडेलमा जोड्नुपर्ने महासचिव सुवेदीले बताए। शुरुमा बधशाला स्थापना र संचालनको पहल गरेका बुटवल मासु उत्पादन तथा प्रशोधन प्रालिका सञ्चालक कृष्ण पौडेलले जसले अगुवाइ गरे तिनै व्यवसायी र हजारौं किसानलाई धोका दिएकाले बधशाला अलपत्र परेको तथ्यलाई उपमहानगरले मनन् गरी शुरुकै मोडेलमा चलाउने वातावरण बनाउनुपर्ने सुझाव दिए।

मुक्तिनाथ लाइभस्टक बैंक लिका अध्यक्ष उमेश आचार्यले बधशाला सञ्चालन गर्दा गरेको सहमति उप-महानगरपालिकाले कार्यान्वयन नगरेपछि आफूहरु कानुनी उपचारका लागि अदालतमा पुगेको बताए।

मासु व्यवसायी संघ रुपन्देहीका अध्यक्ष विशाल थापाले बुटवल र आसपासका मासु व्यवसायी र बाख्रा पालक किसानको सहभागिता विना बधशाला दीगो सञ्चालनको सम्भावना नभएकाले उप-महानगरपालिकाले किसान र व्यवसायीको लागत सहभागिता सुनिश्चित गरी आफूहरुलाई नै सञ्चालनको जिम्मा दिनुपर्ने बताए।

बाख्रापालक महिला उद्यमी होमादेवी पौडेलले फोर पी मोडलमा बधशाला सञ्चालन नगर्दा हजारौं महिला बाख्रापालक दिदी बहिनीहरु निराश बनेको गुनासो गर्दै सुरुको सहमतिअनुसार बधशाला सञ्चालन मोडालिटी बनाउनुपर्ने बताइन्।

बुटवल उप-महानगरपालिका १० रामनगरमा २ विगाह ३ कठ्ठा क्षेत्रफलमा निर्माण भएको बधशालामा आर्थिक वर्ष २०७९ पौषमा २३ करोड ९६ लाख ८३ हजारको लागतमा सम्पन्न भएको थियो।

दैनिक एक हजार खसीबोका बध गर्न मिल्नेगरी बधशाला बनाइएको छ भने त्यहाँ बाख्राको चरण, होल्डिङ सेन्टर, पशु स्वास्थ्य जाँच तथा उपचार कक्ष, बधशालामा खटिनेहरूका लागि प्राथमिक उपचार कक्ष, सुरक्षा कक्ष, फोहोर प्रशोधन केन्द्र, हरियाली उद्यान र बगैँचा निर्माण छन्।

दुईवटा चिस्यान सुविधासहितका ट्रक, पशु स्वास्थ्य, मासु जाँच र गुणस्तर प्रमाणीकरण ल्याबको व्यवस्था समेत बधशालामा गरिएको छ।

तर राज्यले करोडौं लगानी गरेर बनाएको पशु बधशाला सञ्चालनमा नआउंदा यसले उपभोक्ता, किसान, व्यवसायी र समग्र अर्थतन्त्रमै गम्भीर प्रभाव पारेको छ। उपभोक्ताहरु अस्वस्थ र असुरक्षित मासु उपभोग गर्न वाध्य छन् भने करोडौं लगानी खर्च भएको संरचना प्रयोगविहीन भएको छ। यसले सार्वजनिक स्रोतको दुरुपयोगजस्तो अवस्था सिर्जना गरेको छ। बधशालाबाट उठ्ने आम्दानी र कर बन्द हुँदा राज्यले राजस्व गुमाएको छ।

बुटवल उप-महानगरपालिकाका पशुपन्छी विकास शाखा प्रमुख झविन्द्र बञ्जाडेले स्थानीय सरकारले मासु व्यवसायीका मागलाई आवश्यक सहजीकरण गर्ने बताए।

» बाँकी ३ पेजमा

## रविको मुद्दा फिर्ता लिनेविरुद्धको रिट हेर्दाहेर्दैमा



बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको मुद्दा फिर्ता लिने निर्णयविरुद्धको रिटलाई सर्वोच्च अदालतले 'हेर्दाहेर्दै'मा राखिएको छ।

सोमबार सुनुवाइ नसकिएपछि सर्वोच्च अदालतका न्यायाधीशद्वय विनोद शर्मा र अब्दुल अजिज मुसलमानको संयुक्त इजलासले रिटलाई हेर्दाहेर्दैमा राखेको हो। यस रिटमाथि आज सुनुवाइ हुनेछ।

सोमबार रिट निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी लगायतले बहस गरेका थिए। रिट निवेदकको बहस सकिएपछि प्रतिवादीका तर्फबाट बहस हुनेछ।

महान्यायाधिवक्ता सविता भण्डारी बरालले लामिछानेविरुद्ध संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुर फिर्ता लिने निर्णय गरेकी थिइन्। त्यो निर्णय बदर गर्न माग गर्दै युवराज सफल, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी र अधिवक्ता आभास रेग्मीले रिट दायर गरेका हुन्।

यसअघि गत चार दिन सुनुवाइ भएको थियो। तर महान्यायाधिवक्ताले गरेको माघ २ गतेको निर्णय झिकाउन आदेश दिँदै आजका लागि पेसी तोकिएको थियो।

सर्वोच्चका न्यायाधीशद्वय शारङ्गा सुवेदी र सुनिल पोखरेलको संयुक्त इजलासले चार दिनको सुनुवाइपछि बिहीबार महान्यायाधिवक्ताले अभियोगपत्र संशोधनसम्बन्धी गरेको पछिल्लो निर्णयलगायत सम्बन्धित फायल झिकाउन आदेश दिएको थियो।

सुरुमा लामिछानेको मात्रै अभियोगपत्र संशोधन गरेर संगठित अपराध र सम्पत्ति शुद्धीकरण सम्बन्धि कसुर हटाउने निर्णय गरेको महान्यायाधिवक्ताको कार्यालयले माघ २ गते उनीसँग जोडिएका सहकारीका सबै प्रतिवादीविरुद्ध सहकारी ठगी बाहेकका कसुरमा अभियोग नलगाउने निर्णय गरेको थियो।

यो निर्णयको प्रति मिसिलमा संलग्न रहेको नदेखिएको भन्दै इजलासले पछिल्लो निर्णय र यससँग सम्बन्धित अन्य कागजातहरू भए ती पनि मगाएर चैत ९ गतेलाई पेसी तोक्न आदेश दिएको थियो।

महान्यायाधिवक्ताको निर्देशनपछि चार वटा जिल्ला सरकारी वकिलको कार्यालयले सम्बन्धित जिल्ला अदालतमा अभियोगपत्र संशोधनको निवेदन पनि दिइसकेका छन्। तर जिल्ला अदालतले यही रिटलाई देखाउँदै यसको टुंगो लागेपछि मात्रै निर्णय गर्ने आदेश दिएका छन्।

कास्कीको सूर्यदर्शन, रूपन्देहीको सुप्रिम, काठमाडौंको स्वर्णलक्ष्मी र पर्साको सानो पाइला सहकारीको मुद्दामा लामिछानेलाई ठगीसँगै सम्पत्ति शुद्धीकरण र संगठित अपराधको कसुरमा पनि प्रतिवादी बनाइएको छ।

» बाँकी ३ पेजमा

## कपिलवस्तु बर्गदवाको निषेधाज्ञा जारी

बुटवल। कपिलवस्तुमा लगाइएको निषेधाज्ञा तीन दिन बित्दा पनि जारी छ। कपिलवस्तुको महाराजगञ्ज बर्गदवामा दुई समुदायबिच झडप रोक्न जिल्ला प्रशासनले ७ चैतमा निषेधाज्ञा जारी गरेको थियो। उक्त निषेधाज्ञा अझै कायम रहेको कपिलवस्तुका सहायक प्रमुख जिल्ला अधिकारी भविश्वर घिमिरेले जानकारी दिए।

उनका अनुसार मंगलबारसम्ममा निषेधाज्ञा हट्न सम्भावना रहेको छ। 'अहिले अवस्था समान्य बन्दै गएको र मंगलबारसम्ममा निषेधाज्ञा हटाउनेबारे छलफल गरेका छौं।'- घिमिरेले भने।

मन्दिरमा भजन गाउँदा भएको तोडफोडको विषयलाई लिएर हिन्दू र मुस्लिम समुदायका युवाबिच तनाव सिर्जना भएको थियो। सम्भावित झडपलाई रोक्न कुनै किसिमको भेला, सभा, जुलुस गर्न नपाउने गरी जिल्ला प्रशासन कार्यालय कपिलवस्तुले निषेधाज्ञा जारी गरेको हो।

तोडफोड गरेको आरोपमा तीन जनालाई पक्राउ समेत गरिएको घिमिरेले बताए। उनीहरुमाथि प्रहरीले अनुसन्धान अघि बढाएको छ। तर उनीहरुको नाम भने सार्वजनिक गरिएको छैन।

राम नवमीको अवसरमा हिन्दू धर्मावलम्बीहरुले मन्दिरमा भजन गाउदा तथा इदको अवसरमा मुस्लिम समुदायले मस्जिदमा नवाज पढ्दै गर्दा दुवैतर्फबाट माइकको आवाज चर्को भएको विषयमा विवाद र झडप भएको थियो।

झडपका क्रममा ढुंगा प्रहार भएको र ५ जना सामान्य घाइते भएका थिए।

## तिनाउमा बेपत्ता दुई भारतीयको मृत्यु

पाल्पा। पाल्पाको तिनाउ गाउँपालिका-३ स्थित तिनाउ खोलामा डुबेर बेपत्ता भएका दुई भारतीय युवकको मृत्यु भएको छ।

मृत्यु हुनेमा भारतको उत्तर प्रदेशस्थित सन्तकबिर नगरका १७ वर्षीय फहरान अन्सारी र १७ वर्षीय अमान अन्सारी रहेका छन्।

प्रहरीका अनुसार चैत ९ गते बिहान करिब १० बजे डुबेको स्थानभन्दा करिब एक सय मिटर तल फहरान अन्सारीको शव फेला परेको हो।

यस्तै अमान अन्सारीको सोमबार दिउँसो अमान अन्सरीको शव फेला परेको सहायक प्रमुख जिल्ला अधिकारी ऋषिराम सुवेदीले जानकारी दिए।

उनीहरूसँगै घुक्न आएका अन्य सात जना भने सकुशल रहेका छन्। घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

## अल्पकालिन भिक्षुसहितको तेस्रो धम्म यात्रा




भैरहवा। अखिल नेपाल भिक्षु महासंघ र थाई धर्मदूत इण्डिया-नेपालको आयोजनामा भिक्षु तथा नव प्रव्रजित सामणेरहरुको उपस्थितिमा तेस्रो पटक धम्म यात्रा हुने भएको छ।

फागुन पूर्णिमाको अवसरमा हुँदै आएको यो यात्रा चैत्र १३ र १४ गते रुपन्देहीको देवदह, बुटवल, लुम्बिनी र भैरहवामा हुने तय भएको बौद्ध समाज नेपालले पत्रकार सम्मेलन गरी जानकारी गराएको हो।

बुद्धको अस्तिधातुसहितको धम्मयात्रामा लुम्बिनीबाट हालै श्रामणेरमा प्रवजित भएका ५ सय (थाइलैण्डका ३ जनासहित) कुलपुत्र प्रव्रज्याहरुसहित भिक्षु, भन्तेहरु, स्थानीय बासिन्दा, संघसंस्था, स्थानीय सरकारका प्रतिनिधि तथा संस्थागत उपस्थितिमा बृहत् धम्मयात्रा तय गरिएको आयोजक संस्था बौद्ध समाज नेपालकी महासचिव राधिका पुनले जानकारी दिइन। भगवान बुद्धले बुद्धत्व प्राप्त गरेपछि कपिलबस्तु आउँदा प्रयोग गरेको बाटोलाई पछ्याउँदै ती अल्पकालिन भिक्षुले बुद्धको अस्तुधातुसहित यात्रा गर्नेछन्।

थाइल्याण्डको धम्मकाय परिवार र बौद्ध समाज, नेपालको संयुक्त व्यवस्थापनमा तथा अखिल नेपाल भिक्षु महासंघ, थाई भिक्षु महासंघलगायतको २० वटा संस्थाको सह-आयोजनामा कार्यक्रम गर्न लागिएको हो।

लुम्बिनीबाट श्रामणेरमा प्रवजित ५ सय जना अल्पकालिन भिक्षु, भन्तेहरु, स्थानीय बासिन्दा, संघसंस्था, स्थानीय सरकारका प्रतिनिधि सहभागी हुने गरी बृहत् धम्मयात्रा तय गरिएको आयोजक संस्था बौद्ध समाज नेपालकी महासचिव राधिका पुनले जानकारी दिइन।

बोधगायामा बुद्धले बुद्धत्व प्राप्त गरेपछि कपिलस्तुको कुदानमा आउँदा २० हजारभन्दा धेरै भिक्षुको साथमा यही बाटोको रुट हुँदै हिँडेको इतिहासको आधारमा यो कार्यक्रम गरिएको आयोजकले जानकारी दिएका छन्।

बुद्धले ज्ञान लाभ प्राप्त गरेपछि पहिलोपटक आफ्ना पिता राजा शुद्धोधनको निमन्त्रणामा गृहनगर कपिलवस्तुको तिलौराकोट आउँदा प्रयोग गरेको मार्ग हालको सिद्धार्थनगर-लुम्बिनी मार्गमा केन्द्रित यो यात्रा हुनेछ।

यात्राको क्रममा १३ गते देवदह बुद्ध विहारबाट शुरु भई पूर्व पश्चिम राजमार्ग हुँदै यशोधरा भिक्षुणी विहार, शीतलनगर, भवानीपुर हुँदै सेमरहनासम्म यस्तै बुटवल उप-महानगरपालिका कार्यालयको प्राङ्गणबाट सुरु भई अमरपथ हुँदै पूर्ण चैत्य विहार, बीपी चोक, आदर्शनगर गेटबाट थकाली सेवा समाजको भवनसम्म र लुम्बिनीको ४ नं. गेटबाट शुरु भई भगवान बुद्धको जन्मस्थल लुम्बिनी उद्यान हुँदै शान्तिदीपबाट अन्तर्राष्ट्रिय बौद्ध सभा तथा ध्यान गृहसम्मा हुनेछ।

» बाँकी ३ पेजमा


## जनहितमा जारी सन्देश

**बन डढेलो रोकथाम तथा नियन्त्रण सम्बन्धी**
**डिभिजन वन कार्यालय, नवलपरासी (ब.सु.प.) को अत्यन्त जरुरी सूचना**

सुख्खा खडेरी तथा गर्मीको समयमा बन जङ्गलमा डढेलो लाग्ने प्रवल सम्भावना रहन्छ। यसले हाम्रो प्राकृतिक सम्पदा क्षण भरमै नष्ट भै वातावरणीय सन्तुलनमा ठूलो असर पुग्ने, पानीका मुहान सुक्ने, भू-क्षय हुने, वायुमण्डलमा कार्बन उत्सर्जन हुन गई जलवायू परिवर्तनमा असर पुग्ने र गाउँवस्ती समेतमा डढेलो फैलिन गई जनधनको ठूलो क्षती हुन सक्छ।

तसर्थ

- आ-आफ्नो वरिपरिको वन डढेलो लाग्न सक्ने क्षेत्र पहिचान गरी सो क्षेत्रमा विशेष निगरानी राखौं। - वन जङ्गल तथा मानिस आवात जावत गर्ने बाटो घाटो सडकको दायाँ वायाँ रहेको पातपतिङ्गर नियमित रुपमा हटाऔं।
- सलाई लाईटर जस्ता प्रज्वलनशिल वस्तु केटाकेटीहरुको पहुँचबाट टाढा राखौं। त्यस्ता वस्तु लिएर वन जङ्गल प्रवेश नगरौं।
- पिकनिक वनभोज जाँदा आगो बालेपछि आगो निभाएर मात्र छोडौं। वन जङ्गल छेउछाउबाट हिड्दा वा यात्रा गर्दा चुरोट विंडीका ठुटाहरु नफालौ।
- वन क्षेत्र भित्र आवश्यकता अनुसार अग्नीरेखा निर्माण र सो को नियमित सरसफाई गरौं। -वन उपभोक्ता समूहले अग्नी नियन्त्रकको व्यवस्था गरी वनको नियमित अनुगमन गर्ने व्यवस्था अनिवार्य रुपमा मिलाऔं।
- अग्नी निरोधक सामाग्रीको उचित व्यवस्थापन गरी तयारी अवस्थामा राखौं।
- खरबारीमा राम्रो घाँस पलाउने, वनमा च्याउ उम्रने, घरछेउबाट वन्यजन्तु भगाउने, वन्यजन्तुको शिकार गर्ने, अरिङ्गाल पोल्ने, जङ्गली मौरीको मह काढ्ने जस्ता सोच राखी डढेलो लगाउने प्रवृति विगतका वर्षहरुमा देखिएकोले यस्तो गैह्र कानूनी कार्य नगरौं नगराऔं।
- वन जङ्गलसँग जोडिएको खेतबारीमा कृषि वालीका ठुटाकुटी, भिंगटा वाली सकेपछि आगो निभाएर मात्र छोडौं।
- बन जंगलमा डढेलो लाग्न नदिऔं, लागि हालेमा सबै मिलि जुटाई तुरुन्त निभाऔं। खरबारीमा राम्रो घाँस पलाउने, वनमा च्याउ उम्रने, घर छेउबाट वन्यजन्तु भगाउने, वन्यजन्तुको शिकार गर्ने, अरिङ्गाल पोल्ने, जङ्गली मौरीको मह काढ्ने जस्ता सोच राखी डढेलो लगाउने प्रवृति विगतका वर्षहरुमा देखिएकोले यस्तो गैह्रकानूनी कार्य नगरौं नगराऔं।
- वनमा डढेलो लगाउने कार्य वन ऐन २०७६ बमोजिम फौजदारी कसूर भएको हुँदा त्यस्तो कार्य गर्नेलाई सोही ऐनबमोजिम क्षतिको विगो असुल उपर गरी ६०(साठी)हजार रुपैयाँसम्म जरिवाना र तीन वर्षसम्म कैद हुने भएकोले त्यस्तो कार्य कसैले नगरौं नगराऔं।
- आगलागीबाट आफू पनि बचौ अरुलाई पनि बचाऔं।
- आ-आफ्नो क्षेत्रमा आगलागी भएको जानकारी भएमा नजिकको वन कार्यालय, नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीमा खबर गरौं।

**आगलागीबाट बचौं र बचाऔं, वन्यजन्तु र प्राकृतिक सम्पदाको संरक्षण गरौं।**

**डिभिजन वन कार्यालय**
**नवलपरासी, (ब.सु.प.), लुम्बिनी प्रदेश, नेपाल**

# सम्पादकीय

## जोखिमयुक्त ठाउँमा पौडी नखेलौं

तिनाउ जलविद्युत् आयोजनाको बाँधक्षेत्रमा वर्षेनी युवाले डुबेर ज्यान गुमाइरहेका छन्। गत वर्ष बाँध क्षेत्रमा डुबेर सात जनाले ज्यान गुमाएका थिए भने अहिले दुई जनाको मृत्यु भइसकेको छ। सिद्धबाबा नजिकै रहेको तिनाउ जलविद्युत् आयोजनाको बाँध क्षेत्रमा पौडी खेल्ने क्रममा युवाहरुले डुबेर ज्यान गुमाउने क्रम बढिरहेको छ।

गर्मी बढ्दै जाँदा बाँध क्षेत्रमा पौडी खेल्न र नुहाउन जाने क्रम बढेको छ। पौडी खेल्न अहिले भारतको नौतनवा र गोरखपुरबाट समेत आउन थालेका छन्। तराई मधेसमा उखरमाउलो गर्मी बढ्दै गएपछि शितल खोज्दै पहाड उक्लेका युवाले पहाडको खोचमा रहेको नदीमा पौडी खेल्ने क्रममा ज्यान गुमाउने क्रम बढेपछि अब नियन्त्रणको पहलकदमी हुन आवश्यक छ। भूतखोलामा डुबेर मृत्यु हुन थालेपछि प्रहरीले पौडी खेल्न रोक लगाएको छ। त्यहाँ केही समय प्रहरीले ड्युटी नै दिएर पौडी खेल्न रोक लगाएको थियो। भूतखोलामा पौडी खेल्दा जोखिम रहेको चेतावनीयुक्त सूचना राखिएको छ। यो सूचनापछि यहाँ पौडी खेल्ने क्रम रोकिएको छ। तिनाउ नदीको बाँध स्थललाई पनि जोखिमयुक्त ठाउँ मान्दै पौडी खेल्न प्रतिबन्ध लगाउनुपर्छ। प्रहरीले बाँधस्थलमा निरन्तर ड्युटी दिनु त्यति सान्दर्भिक नहोला, तर जोखिम रहेको सूचना राख्ने र निरन्तर निगरानी नराख्ने हो भने बाँधस्थलमा मृत्यु हुने नागरिकको संख्या बढ्न सक्छ। मृत्यु हुने मध्ये धेरै भारतीय भएको प्रहरीको भनाइ छ। भारतीय नागरिकले यहाँको भौगोलिक अवस्थाको बारेमा जानकार नहुँदा पनि ज्यान गुमाइरहेका छन्। पहाडको साँघुरो खोचबाट बगेको तिनाउ नदीमा ठूलठूला चट्टान छन्। त्यही चट्टानको आसपासको पानीको गहिराई मापन गर्न नसक्दा युवा डुब्दै आएका छन्। डुब्दै चट्टानको खोंचमा पुग्दा माथि निस्कन नसकेर अड्कदै आएका छन्। डुबेर बेपत्ता भएपछि कतिपय अवस्थामा गोताखोर ल्याएर शव निकालेका घटना पनि छन्।

निरन्तर जसो युवा डुब्दै आएकाले अभिभावकले आफ्ना सन्ततीलाई जोखिम भएकाले पौडी खेल्न नजान सचेत गराउनुपर्छ। सरकारी निकायले पनि तिनाउ जलविद्युत् आयोजनाको बाँध क्षेत्र जोखिमयुक्त भएकोले पौडी नखेल्न सञ्चार माध्यम र सामाजिक सञ्जालमा सचेतनामूलक सन्देश प्रवाह गर्न सक्छन्। बाँध क्षेत्रमा सचेतनामूलक होर्डिङ बोर्ड राखेर जोखिमबारे जानकारी दिन सकिन्छ। मान्छेको जीवन सामान्य खेलवाडले जान्छ। एउटा मान्छेको जीवन जाँदा उसको मृत्युसँगै उसका सपनाको अन्त्य हुन्छ नै, एउटा परिवारको भरोसा टुट्छ, समाजले एउटा कर्मशील नागरिक गुमाउँछ। त्यसैले नागरिकको जीवन जोगाउन सबैले जोखिमयुक्त ठाउँमा नुहाउने र पौडी खेल्ने काम बन्द गरौं।

# देशभक्त नेपालीलाई अपील:

# अखण्ड नेपाल बनाऔं



झपेन्द्र जिसी

नक्कली लुम्बिनी, बुद्धका बाबु शुद्धोधनको नक्कली दरबार र कपिलवस्तु-लुम्बिनीको आडमै बनाएर बुद्धको जन्मस्थल भारतमा भएको दाबी गर्दैछन्। त्यति मात्र होइन बुद्धको जन्मस्थल भारतमा भएको दाबी गर्दैछन्। त्यति मात्र होइन बुद्धले प्राप्त गरेका बोद्धी गान गयामा हो भनेर ठेलीहरु लेखी लेखाएर नेपाली कथित विद्वानहरुको गिदीमा लिदी भरिदिएका छन्।

गुजराततिर स्थायी बसोबास भएका केही वर्षयता दिल्ली दरबारमा बसोबास गर्ने मोदी भन्ने मान्छेले उद्घोष गरेको छ-'भारत, इरान, इजराइलबिचको युद्धमा कता छ भनेर कोही अलमल हुनुपर्दैन। हामी इजरायलको पक्षमा छौं वा भारत इजरायलको पक्षमा छ।' यो भनाइ तिनै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको हो। उनले थप भनेका छन्-इरानलाई ध्वस्त पार्ने हो। इरान ध्वस्त भएपछि पाकिस्तानलाई ध्वस्त पार्ने हो। त्यसपछि नेपाल, बंगलादेश, श्रीलंका र अफगानिस्तानलगायतलाई त विना युद्ध शान्तिपूर्ण ढंगले समेटेर अखण्ड भारत निर्माण गर्ने हो। यो भारती शासक नरेन्द्र मोदीको हो। त्यसो त छिमेकी देशहरुलाई निल्ने भोक भारतलाई सन् १९४७ देखि नै लागेको हो। जवारहारलाल नेहरु, गुजराल, इन्दिरा गान्धी सबैको चाहना यही नै थियो र हो। सहयोग र पञ्चशीलको सिद्धान्त वकालत त गर्ने, तर व्यवहार भने त्यसको विपरीत इतिहासदेखि नै गर्दै आएको छ। त्यसैको परिणाम हो स्वतन्त्र र साम्प्रभु देश सिक्किमलाई भारतीकरण गर्नु। त्यसकै परिणाम हो। सुस्ता, महेशपुराजस्ता नेपालका अभिन्न अंगलाई आफ्नो भनी दाबी गर्नु।

त्यसैको परिणाम हो सुगौली सन्धिले समेत स्वीकार गरेको लिपुलेक, लिम्पियाधुरा र कालापानीमाथि भारतीय सैन्य शक्ति तैनाथ गरिनु। त्यसकै चरित्र प्रदर्शन हो जेनजी आन्दोलन मच्याएर केपी ओली सरकार ढाल्नु र नेपालको संविधानविपरीत सुशीला कार्की नामको कथित नागरिक सरकार गठन गरिनु र पुनः फागुन २१ गते निर्वाचनको नाटक मञ्चन गरिनु। यी सबै काम गर्नमा अमेरिकन शासक गुटको समेत स्वार्थ रहेको देखिन्छ।

प्रिय नेपाली स्वाभिमानी देशभक्त पुर्खाका सन्ततिहरु ! यो पंक्तिकार अमुक सरकारको पृष्ठपोषक र अमुक सरकारको विरोधी होइन र छैन।

यो लेखकको अभीष्ट एउटा मात्र छ, त्यो हो सार्वभौमसत्ता सम्पन्न र स्वतन्त्र मेरो देश नेपालमाथि कसैले घुनपुत्लो नलगाओस्। मेरो देश नेपालको अस्तित्व र अस्मिता नमेटियोस्। मेरो देश नेपाल र नेपाल नेपाली जनताले सिक्किमले झैं दुर्दिन भोग्न नपरोस्। विश्वमान चित्रमा नेपालको सूर्य चन्द्र अंकित झण्डा फरफराइरहोस्।

महाशय मोदीजी, ठूल्दाइ हुँ भनी बढी फूतिफार्ती नगर, फुरीफुरी नगर। तिम्रो देश भारतभन्दा मेरो देश नेपाल धेरै जेठो छ। इतिहासमा ब्रिटिस कम्पनी सरकार कालदेखि मेरो देशको सीमा भित्रका भूभागहरु लुट्यौं। कुमाउ, गढबा लुट्यौं ! दार्जिलिङ्ग र सिक्किम लुट्यौं ! लुट्नसम्म लुट्यौं। तिमी जस्तै लुटाहा मै हुँ भन्ने तिमी जस्तै लुटहा अमेरिकी उन्मादलाई इरानले नै स्वाद चखाउँदै छ ! लुटहा साम्राज्यवादी अमेरिका जस्तालाई परास्त गर्दैछ। आफ्नो साथमा अघोषित रुपमा अमेरिकी महाशक्ति रहेको छ भन्ने कुराले मोदीजीको तुजुक बढेको हुन सक्छ। शक्ति संघर्षका क्रममा अमेरिकी साम्राज्यवादकाविरुद्ध चीन रुस जस्ता उदयमान महाशक्ति राष्ट्रहरु पनि राम हेरेर हातमा दही जमाएर नबस्ने स्थिति देखिंदैछ। त्यस्तो अवस्थामा ह्रिंसक, आतंककारी अर्काको भूभाग लुटाहाको हार र शान्ति प्रिय देशहरुको विजय अवश्य हुनेछ। त्यसैले नेपाल, भुटान, बंगलादेश, श्रीलंकाजस्ता देशहरु शक्तिहीन ठानेर हेप्ने, चेप्ने, दबाउने प्रवृत्ति बन्द गर !

भनिसकिएको छ। भारत नेपालभन्दा धेरै कान्छो देश हो। याने कि नेपाल भारतभन्दा धेरै जेठो देश हो। दक्षिण एसियाकै सबभन्दा जेठो र प्राचीन देश हो। यसको सभ्य र संस्कृति जेठो छ। धर्म पनि जेठो छ। नेपालको शैव धर्म संस्कृतिलाई उछिन्ने कसले ? नेपालको हुम्ला र हुम्लाको उत्तर खाडी प्रदेशमा उत्पत्ति भएको वोनधर्म वा बोन्पो धर्म जसको मन्त्र माने पेमे हुँ ! पनि अति प्राचीन धर्म संस्कृति हो।

बुद्ध दर्शन, धर्म, संस्कृतिको उत्पत्ति थलो लुम्बिनी कपिलवस्तु नै हो। विपस्वी बुद्ध कनकमणि बुद्ध र क्रकुच्छन्द बुद्धको आश्रम पतञ्जलीको आश्रममा पनि त यही हो। साङ्ख्यदर्शनका प्रणेनता महर्षि कपिलको आश्रम पनि हाम्रै कपिलवस्तु हो।

इ.पू. ५६३ मा कपिलवस्तुमा लुम्बिनीमा जन्मेका सिद्धार्थ गौतमबुद्ध जसले चार आर्य सत्य प्रतिपादन गरे। मानव मुक्तिका लागि अष्टाङ्गिक मार्ग (आठ उपाय) को र विपसना ध्यान योगको प्रतिपादन पनि त यहीं भएको हो। बुद्धलाई एसियाका तारा विश्व शान्तिका अग्रदूत भनेर विश्वले स्वीकारेको छ। ओममणि पद्मे हुँ बुद्ध दर्शन धर्म संस्कृतिको मन्त्र हो।

भारतीय शासकहरु नेपालको अथाहा सभ्यता, संस्कृति देखेर ऱ्याल काडेका छन् र नक्कली कपिलवस्तु, नक्कली लुम्बिनी, बुद्धका बाबु शुद्धोधनको नक्कली दरबार र कपिलवस्तु-लुम्बिनीको आडमै बनाएर बुद्धको जन्मस्थल भारतमा भएको दाबी गर्दैछन्। त्यति मात्र होइन बुद्धको जन्मस्थल भारतमा भएको दाबी गर्दैछन्। त्यति मात्र होइन बुद्धले प्राप्त गरेका बोद्धी गान गयामा हो भनेर ठेलीहरु लेखी लेखाएर नेपाली कथित विद्वानहरुको गिदीमा लिदी भरिदिएका छन्।

साँचो कुरा के हो भने सिद्धार्थ बुद्ध महाज्ञानी थिए। ज्ञानको खोजीमा उनी आजीवन लागिरहे। ज्ञानले तृप्त कोही पनि हुँदैन। तृप्ती प्रगतिको बाधक हो।

सिद्धार्थ गौतम बहुला वा पागल थिएनन्। लुम्बिनी कपिलवस्तुमा बोधी ज्ञान प्राप्त गरेर सारनाथ गई उनले देशना (उपदेश) दिन थालेको पाइन्छ।

अन्धकार रातमा महाभिनिस्क्रिमण वा दरबार छोड्नुको अर्थ घर परिवारले थाहा नपाऊन भनेर नै हो। थाहा पाएमा परिवारले जाने अनुमित दिँदैनन् भनेर नै हो।

प्रिय मित्रहरु ! सम्राट अशोकले लुम्बिनी कपिलवस्तुमा आई ३ वटा अशोक पिलार वा स्तम्भ गाडेको प्रमाण अद्यापि ताजै छ। तर नेपालको सीमा पारि नक्कली लुम्बिनी र कपिलवस्तु र शुद्धोधनको नक्कली दरबार निर्माण गर्नुले भारतीय शासक वर्ग हस्तक्षेपकारी, सांस्कृतिक अतिक्रमणकारी हुन् भनेर पुष्टि गरेको छैन र ?

२०० वर्षसम्म ब्रिटिस साम्राज्यवादको गुलाम बनेको भारतलाई मुक्त गर्न नेपालका नेताहरु मनमोहन अधिकारी, बीपी कोइराला र नेपाली विद्यार्थीहरु 'भारत छोड' आन्दोलनमा सक्रिय सहभागी हुँदा भारतीय जेल सजाय समेत भोगेको निःस्वार्थ गुनलाई वर्तमान भारतीय शासक गुटले चटक्कै भुलेर गुनको बदला नेपाल समेतलाई गाभेर अखण्ड भारत बनाउने भन्दैछ।

नेपाल र नेपालीलाई यो कुरा सह्य छैन। तर, केही नेपाली दलालहरु नरेन्द्र मोदीले नेपाल समेतलाई गाभेर अखण्ड भारत बनाउने भनेको फेक न्यूज झुठो समाचार हो भनेर दिल्लीको वकालत गर्दैछन्।

अन्त्यमा प्रिय देशभक्त मित्रहरु ! हामी पनि अब निर्भिकताका साथ भनौं नारा गुञ्जन गरौं ! अखण्ड भारत किन ? भारत समेतलाई गाभेर अखण्ड नेपाल बनाऔं। त्यसको राजधानी दिल्ली होइन, काठमाडु बनाऔं। सधैंका कचकच किन ? खिसै खतम !

# मिर्गौला बिग्रिएको कसरी थाहा पाउने ?

प्रा.डा. राजेन्द्रकुमार अग्रवाल

हाम्रो शरीरमा दुई वटा मिर्गौला हुन्छन्। मिर्गौलाको मुख्य काम रगत सफा गर्ने हो। हामीले खाएको खानेकुरा प्राचन प्रणालीमा गएपछि पाचन र मेटावोलिजम प्रक्रिया हुन्छ र दुषित पदार्थ जम्मा हुन्छ। खासगरि युरिया र क्रियाटिनिनलाई मिर्गौलाले फिल्टर गर्छ। शरीरमा भएको सबै रगत मिर्गौलाले नै फिल्टर गर्छ। ९८ प्रतिशत रगत शरीरले नै पुनः लिन्छ भने २ प्रतिशतलाई पिसाबको रुपमा फाल्छ।



शरीरको शरीरको भित्री वातावरण तथा सोडियम, पोटासियम र एसिडको सन्तुलन मिलाउने काम मिर्गौलाले नै गर्छ। मिर्गौलाले रेनिन नामक एन्जाइम उत्पादन गर्छ, जसले रक्तचाप नियन्त्रण गर्न सहयोग गर्छ। साथै, मिर्गौलाले शरीरमा रगत बनाउन आवश्यक इरिथ्रोपोइटिन हर्मोन पनि उत्पादन गर्छ।

**मिर्गौला रोगको लक्षण**

कतिपय अवस्थामा मिर्गौला रोगको लक्षण नै नदेखिन पनि सक्छ। तर लक्षण देखिएको अवस्थामा क्रोनिक मिर्गौलाको रोग लागेमा पिसाबसम्बन्धी समस्या देखिन्छ। पिसाब दिनमा भन्दा राति बढी हुने, फिँज आउने र पिसाबको गन्ध आउने लक्षण देखिन्छ। यस्तै दुब्लाउँदै जाने वा शरीर सुन्निएर मोटाएको जस्तो देखिन्छ। क्रियाटिनिन र युरियाको मात्रा बढ्दै गएमा मिर्गौला रोगले ब्रेनलाई पनि असर पुऱ्याउँछ।

**मिर्गौला रोगको कारण**

मिर्गौलामा मुख्य दुई खाले समस्या हुन्छ। एक्युट किड्नी इन्जुरी अर्थात् अचानक मिर्गौलामा क्षति र क्रोनिक किड्नी डिजिज अर्थात् दीर्घकालीन मिर्गौलाको रोग। तर हरेक एक्युट किड्नी इन्जुरी क्रोनिकमा परिणत हुनसक्छ।

**एक्युट किड्नी इन्जुरीका कारण**

-झाडापखाला
-संक्रमणका कारण सेप्सिस हुनु
-पेनकिरलको प्रयोग
-तीव्र ग्लोमेरुलोनेफ्राइटिस

**क्रोनिक किड्नी इन्जुरीका कारणहरु**

कम हुँदै गएर शरीर सुन्निन थाल्छ। हात-खुट्टा वा मुख सुन्निने समस्या देखिन्छ। शरीरमा पानी जम्मा हुन थालेमा श्वासप्रश्वासमा पनि समस्या हुन थाल्छ।

मिर्गौलामा समस्या भइसकेपछि रगतको कमी हुन थाल्छ। जसले गर्दा काम गर्न जाँगर नलाग्ने, थोरै हिँड्दा पनि थकाइ लाग्ने, स्वाँ-स्वाँ हुनेजस्ता लक्षण देखिन्छन्।

युरिया र क्रियाटिनिनको मात्रा बढ्दै गएपछि खान मन नलाग्ने, वाकवाक लाग्ने, सास फेर्न गाह्रो हुने र सास फेर्दा

-मधुमेह
-उच्च रक्तचाप
-मिर्गौलाका फिल्टर सुन्निने
-मिर्गौलाको बीचको टिस्युको रोग
-जन्मजात मिर्गौलाको रोग
-मिर्गौलाको संरचनागत समस्या (एउटा मात्र मिर्गौला हुनु)
- जंक फुडको बढी प्रयोग
-कम पानी पिउने बानी
- शारीरिक व्यायाम नगर्ने बानी
-मोटोपन
- धूमपान र मदिरापान
-केही औषधिको प्रयोगको कारण

उच्च रक्तचापको बिरामीले नियमित औषधि नखाएमा पनि मिर्गौला बिग्रन सक्छ। अटोइम्युन र जन्मजात मिर्गौलाको रोग रोकथाम गर्न सकिँदैन। मिर्गौला बिग्रने अर्को कारण मिर्गौलामा पत्थरी हुनु पनि हो।

यस्ता बिरामीले नियमित मिर्गौला जाँच र चिकित्सकको सल्लाहअनुसार पत्थरीको उपचार गराउनुपर्छ। एक्युट किड्नी इन्जुरी तत्काल उपचार गर्दा निको हुन्छ। यस्तै प्रोस्टेटमा पनि समयमै उपचार गरेर मिर्गौला जोगाउन सकिन्छ।

मिर्गौला रोग रोकथामका लागि जीवनशैली नै स्वस्थकर बनाउन आवश्यक छ। त्यसका लागि खानपिनमा ध्यान दिने, नियमित व्यायाम गर्ने, जंकफुड सकभर नखाने तथा शरीरको तौल नियन्त्रण गर्ने गर्नुपर्छ।

**मिर्गौलाको जाँच कसरी गरिन्छ ?**

**पिसाबको जाँच**

पिसाबमा एल्बुमिन अर्थात् प्रोटिन र आरबीसी अर्थात् रगत छ कि छैन जाँच गरिन्छ। पिसाबमा यो देखिएमा मिर्गौला बिग्रिएको संकेत हुनसक्छ।

**रगत परीक्षण**

मधुमेह वा उच्च रक्तचापको बिरामीले आरएफटी वा केएफटी जाँच गर्नुपर्छ। यसमा युरिया, क्रियाटिनिन र सोडियम, पोटासियम जाँच गरिन्छ।

**अल्टासाउण्ड**

अल्टासाउण्डबाट मिर्गौलाको आकार र संरचना हेर्न सकिन्छ। यी जाँचबाट मिर्गौलाको रोग पत्ता लगाउन सकिन्छ र समयमै उपचार सुरु गर्न सकिन्छ।

स्वास्थ्य खबरबाट

# नेप्से परिसूचक सामान्य अङ्कले बढ्यो



काठमाडौँ। यो साता कारोबारको पहिलो दिन आइतबार उच्च अङ्कले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोस्रो दिन सोमबार सामान्य अङ्कले बढेको छ। नेप्से परिसूचक पाँच दशमलव ०१ अङ्कले बढेर दुई हजार ९३६ दशमलव ५६ को विन्दुमा कायम भएको हो।

३४२ कम्पनीको तीन करोड ८० लाख ७३ हजार ९४५ कित्ता शेयर एक लाख ५६ हजार ३८१ पटक खरिदबिक्री हुँदा रु १५ अर्ब ७८ करोड ६३ लाख १३ हजार ४४० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा बैङ्किङ शून्य दशमलव २७, विकास बैङ्क शून्य दशमलव ५०, होटल तथा पर्यटन शून्य दशमलव ८६, जीवन बिमा शून्य दशमलव ४८, निर्जीवन बिमा शून्य दशमलव ०४ र अन्य समूह शून्य दशमलव ५९ प्रतिशतले घटेको छ भने अरू सबै समूहको उपसूचक बढेको छ। वित्त शून्य दशमलव २०, जलविद्युत् शून्य दशमलव ९६, लगानी शून्य दशमलव ७२, उत्पादन तथा प्रशोधन एक दशमलव ५३, लघुवित्त शून्य दशमलव ४३, म्युचुअल फन्ड शून्य दशमलव ८८ र अन्य समूह शून्य दशमलव ०१ प्रतिशतले बढेको छ। सलपा विकास बैङ्क लिमिटेड, रिलायन्स स्पिनिङ मिल्स लिमिटेड, सोलु हाइड्रोपावर लिमिटेड र भुजुङ हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने सनराइज फस्ट म्युचुअल फन्डको शेयर मूल्य तीन दशमलव ७१ प्रतिशतले घटेको छ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा कुमारी बैङ्क लिमिटेडको सबैभन्दा धेरै रु ६७ करोड २३ लाख ७८ हजार १५६ बराबरको २७ लाख ६८ हजार १०९ कित्ता शेयर खरिद-बिक्री भएको नेप्सेले जनाएको छ।

## अलपत्र...

मासु व्यवसायी संघ नेपाल, रुपन्देहीको १५औं साधारणसभाका अवसरमा संघले प्रदेशस्तरीय मासु व्यवसायी महासंघ गठनको पहल गर्ने निर्णय गरेको छ।

संघले आफ्नै कार्यालय र सभाहल निर्माणका लागि जग्गा खोजी गर्ने र पशुपंक्षी हाटबजारका लागि बुटवल उप-महानगरपालिकासँग समन्वय गरी उपयुक्त स्थानको पहिचान गर्ने निर्णय गरेको छ। व्यवसायीहरूको क्षमता अभिवृद्धिका लागि तालिम र प्रशिक्षण सञ्चालन गर्ने, सामाजिक सुरक्षा र दुर्घटना बिमा कार्यक्रमलाई प्रभावकारी बनाउने तथा उत्पादन विभाग गठन गरी मासुजन्य कृषि उत्पादनका कार्यक्रम विस्तार गर्ने विषयलाई पनि संघले प्राथमिकतामा राखेको छ।

कार्यक्रमको उद्घाटन गर्दै प्रतिनिधिसभा सदस्य सुलभ खरेलले कृषि र पशुपालनका धेरै अधिकार स्थानीय तहमा रहेको उल्लेख गर्दै व्यवसायीका मागहरूलाई सम्बन्धित निकायमार्फत् समाधान गर्न पहल गर्ने आश्वासन दिए। खरेलले खुला सिमानाबाट हुने अवैध आयातले स्वदेशी उत्पादनलाई असर पारेको स्वीकार गर्दै न्यायोचित कर प्रणाली र सिमानामा कडाइ गर्ने प्रतिबद्धता समेत व्यक्त गरे। अर्का प्रतिनिधिसभा सदस्य मञ्जु भुसालले पनि व्यवसायीका पीरमर्का बुझेर सहकार्य गर्न आफू सदैव तयार रहेको बताइन्।

अधिवेशनमा संघका अध्यक्ष विशाल थापाले उत्पादन विभाग गठन गरी मासुजन्य कृषि उत्पादनका कार्यक्रमहरू विस्तार गर्ने, मासुको गुणस्तर कायम गर्न भेला, प्रशिक्षण तथा सचेतना गोष्ठी सञ्चालन गर्ने योजना प्रस्तुत गरे। साथै, व्यवसायीहरूको सामाजिक सुरक्षा र दुर्घटना बिमा कार्यक्रमलाई अघि बढाउने तथा तीनै तहका सरकार र सरोकारवाला पक्षसँग समन्वय गर्दै आवश्यक पहल गर्ने प्रतिबद्धता जनाए। व्यवसायीहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन मासु व्यवसायी बहुउद्देश्यीय सहकारी संस्थामा थप तीन सय सदस्य आबद्ध गराउने लक्ष्य लिइएको छ।

उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय उपाध्यक्ष तेजकुमार पाठकले गुणस्तरमा सम्झौता नगर्न र वधस्थलको अवस्था सुधार गर्न सुझाव दिएका थिए। कुखुरापालक किसान संघका ऋषिराम काफ्लेले अवैध आयातको समस्या उठाएका थिए भने रुपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकालले सार्वजनिक खरिद ऐन परिमार्जन हुनुपर्नेमा जोड दिए। उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष समुन्द्र जीसीले बजार अनुगमनलाई निरन्तरता दिइएको बताउँदै खुला सिमानाबाट आउने अवैध खाद्य वस्तुले चुनौती थपिएको उल्लेख गरे। उनले बधस्थलको अवस्था सुधार गर्न र माछा-मासु अलग-अलग राख्ने मापदण्ड पालना गर्न जोड दिए।

बुटवल उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष टंकप्रसाद गैरेले व्यवसायीहरूले लगानी अनुसारको प्रतिफल पाउन नसकेको बताए। कार्यक्रममा संघका अध्यक्ष विशाल थापा, उपाध्यक्ष रोशनबहादुर खत्री, महासचिव थानेश्वर सुवेदीलगायतले प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा सचिव र कोषाध्यक्षका प्रतिवेदनहरू पारित गरिनुका साथै उत्कृष्ट कृषक र पूर्व अध्यक्षहरूलाई सम्मान समेत गरिएको थियो।

## रविको...

चितवनमा भने सरकारी वकिलको कार्यालयले सम्पत्ति शुद्धीकरण र संगठित अपराधको कसुरमा प्रतिवादी नबनाउने निर्णय गरेको थियो।

कास्कीको सूर्यदर्शन सहकारीमा जीबी भन्ने गीतेन्द्रबाबु राईसहित विरुद्ध पहिल्यै मुद्दा दर्ता भइसकेको थियो। सुरुमा उनीहरूविरुद्ध सहकारी ठगीमा मात्रै मुद्दा चलाइएको थियो। तर रवि लामिछानेसहित विरुद्ध मुद्दा चलाउने बेलामा उनीहरूलाई पनि सम्पत्ति शुद्धीकरण र संगठित अपराधको कसुर थप गरिएको थियो।

महान्यायाधिवक्ता भण्डारीले पुस ३० गते मुद्दा फिर्ता लिन जिल्ला सरकारी वकिलको कार्यालयहरूलाई निर्देशन दिएकी थिइन्। निर्देशन अनुसार जिल्ला सरकारी वकिलले सम्बन्धित जिल्ला अदालतमा निवेदन पनि दिइसकेका छन्। तर जिल्ला अदालतले सर्वोच्चबाट यो रिटको टुंगो लागेपछि मात्रै निर्णय हुने आदेश दिएको छ।

यसअघि लामिछानेले आफूविरुद्ध लगाइएका सम्पत्ति शुद्धीकरण र संगठित अपराधसम्बन्धी कसुर फिर्ता लिन अनुरोध गर्दै महान्यायाधिवक्ता कार्यालयमा निवेदन दिएका थिए। लामिछानेको मागबमोजिम अभियोग संशोधन हुने गरी भण्डारीले स्वीकृति दिने निर्णय गरेकी थिइन्।

यहीबीचमा लामिछाने चितवन-२ बाट प्रतिनिधि सभा सदस्य निर्वाचित भइसकेका छन्। चुनावअघि उनी आफूले तिर्नुपर्ने बिगोबापतको रकम बुझाएर रिहा भएका थिए।

आफ्नो भागको बिगो बराबर २ करोड ७४ लाख ८४ हजार रूपैयाँ बुझाएर रिहा भएका लामिछानेले अरु दुई कसुर फिर्ता भएमा बचतकर्ताको रकम फिर्ता गरेर भए पनि मुद्दाबाट मुक्ति पाउने प्रयास गरिरहेका छन्।

लामिछाने सूर्यदर्शन सकारीमा ६५ लाख, स्वर्णलक्ष्मीमा ६० लाख, सुप्रिम सहकारीमा एक करोड, सहारा चितवनमा ५४ लाख र सानो पाइला सहकारीमा एक करोड धरौटी बुझाएर छुटेका हुन्।

## अल्पकालिन...

यस्तै १४ गते दिउँसो २ बजेदेखि सिद्धार्थ रंगशाला भैरहवाबाट शुरु भई निर्वाणा होटल चोक, मिलन चोक, बुद्ध चोक हुँदै धम्मयात्रा गरी मुख्य कार्यक्रम लुम्बिनी गेट, भैरहवामा हुने समाजका अध्यक्ष शंकर गाहा मगरले जानकारी दिए।

यो यात्रा बुद्ध धर्म बुझ्ने र सिक्ने ठाउँको साथै अनुशासन र ज्ञान प्राप्त गर्ने अवसर पनि हो। शान्त र संयमित पदयात्रा (धम्मयात्रा) आफैँमा एक दुर्लभ र पुण्यदायीको रुपमा रहेको छ। भैरहवामा रहेको लुम्बिनीद्वार हालसम्म विश्वको एकमात्र लुम्बिनीको नामबाट रहेको द्वार भएकोले यसको प्रवर्द्धन गर्न यस क्षेत्रको विकास गर्न यस्ले ठूलो भूमिका खेल्ने अपेक्षा छ।

'भन्ते थावरोका अनुसार पहिलो वर्ष एक हजार दुई सय ५० जान, दोस्रो वर्ष ५ सय र अहिले तेस्रो वर्ष ५ सय जनाले प्रव्रज्या गरी यसका सहभागिता जनाउँदै छन्।

## श्री सरस्वती माता माध्यमिक विद्यालय

**मालारानी–२, डाँडाकटेरी, अर्घाखाँची**

### शिक्षक आवश्यकता सम्बन्धी सूचना।

**प्रकाशित मितिः २०८२।१२।१०**

प्रस्तुत विषयमा मालारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँचीको मिति २०८२।११।२६, चं नं १६९९ को प्राप्त अनुमति र यस विद्यालयको मिति २०८२।११।२५ को विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेका माध्यमिक तह अंग्रेजी विषयको तृतीय श्रेणी राहत अनुदान कोटामा अस्थायी करारबाट शिक्षकको पदपूर्ति गर्नुपर्ने भएकाले तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ।

**तपसिल**

१. विज्ञापन नं. ०१/२०८२/२०८३
२. पद संख्या १ (एक जना)
३. विषय : अंग्रेजी
३. तह : माध्यमिक
४. श्रेणीः तृतीय
५. **नियुक्तिको किसिम** : राहत (करार) शिक्षक ६. **शैक्षिक योग्यता** : वि.एड. वा सो सरह ७. **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ८. **तलब सुविधा** : नेपाल सरकारले तोके बमोजिम ९. निवेदन साथ संग्लन गर्नु पर्ने **कागजातहरु** :

क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
(ख) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु
ग) माध्यमिक तहको अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि

१०. विज्ञापन दस्तुर रु. १००० (एक हजार रुपैयाँ मात्र)
११. विज्ञापन मिति : २०८२/११/२६ देखि २०८२।१२।१० गते सम्म कार्यालय समयभित्र
१२. सम्पर्क मिति २०८२।१२।११ गते
१३. परीक्षाको किसिम : लिखित, मौखिक, आवश्यक परेमा प्रयोगात्मक
१४. शिक्षक सेवा आयोगको करार सूचीमा सूचिकृत उम्मेदारबाट दरखास्त पर्न आएमा अन्य दरखास्त स्वतः निष्क्रिय हुनेछन्।

**थप अन्य जानकारीको लागि**
**प्र.अ. ९८४७३१४१०३**
**वि.व्य.स. अध्यक्ष ९८५७०६११६८**

## संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना !!!

**(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/१२/१० गते)**

यस जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडका संस्थापक शेयरधनी (समूह "क") का तपसिल बमोजिमका शेयरधनीले आफ्नो स्वामित्वमा रहेको संस्थापक शेयर बिक्रीका लागि विद्यमान संस्थापकहरुको जानकारीको लागि ३५ दिने सूचना मिति २०८२/०८/११ गते राष्ट्रिय स्तरको पत्रिका दैनिक लुम्बिनीमा प्रथम पटक सूचना प्रकाशन गरिएको थियो।

तर उक्त अवधीमा शेयर खरिद गर्नका लागि विद्यमान संस्थापक शेयरधनी महानुभावहरुबाट कुनै आवेदन प्राप्त नभएकोले उक्त संस्थापक शेयर खरिद गरी लिन इच्छुक अन्य व्यक्ति/संस्थालाई यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बुटवल-१०, कालिकानगर, रुपन्देहीमा आफूले खरीद गर्न चाहेको शेयर संख्याको ब्यहोरा खुलाई आवेदन दिनुहुन सूचित गरिन्छ। शेयर खरिदको आवेदन प्राप्त भए पश्चात बिक्रेता संस्थापकसँग समन्वय गरी खरीदकर्ता र बिक्रीकर्ताको बीच शेयर संख्या र मूल्यमा आपसी सहमति भए पश्चात मात्र शेयर खरिद बिक्रीको प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

**तपसील**

| क्र.सं. | संस्थापकको नाम, थर | ठेगाना | बिक्री गर्न चाहेको कित्ता सँख्या |
|---|---|---|---|
| १. | श्री बाबुराम विश्वकर्मा | रिब्दीकोट-०३, पाल्पा | ६,०००।- (छ हजार) |
| २. | श्री मान बहादुर विश्वकर्मा | बुटवल-०४, रुपन्देही | २०,०००।- (बीस हजार) |
| ३. | श्री शंकर प्रसाद पौडेल | तानसेन-०७, पाल्पा | १५,०००।- (पन्ध्र हजार) |

**जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड**
**बुटवल–१०, कालिकानगर, रूपन्देही**
**फोन नं.: ०७१–४३८१६९**
इमेलः info@jucbank.com.np, वेवसाईटः www.jucbank.com.np

# Musikot Municipality

## Office of the Municipal Executive

**Wamitaksar, Gulmi**

## Invitation for Online Bids

Date of publication: 2082/12/10 (24-03-2026)

1. Office of Musikot Municipality invites electronic bids from Nepalese eligible bidders for Construction of Padmarga under National Competitive Bidding procedures.

| S. N. | Contract No | Description of works | Estimated Amount Without VAT and contingencies (NRs.) | Bid doc. fee NRs. | Bid security Amount NRs. | Last date for Bid Submission | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | MMEB29/ NCB/WO RKS/PAD-MARGA/ 1-3/2082/ 083 | Gramin Path/Sadak Pahuch Purbadhar Sudhar Tatha Istarunati Yojana/W4-9/LISP -2082/083. | 75,35,270/ | 3,000/ | 210,000/ | (April.-24) / 24-04-2026 13:00 | Site- Tallo Baseri–Ismali than–Ganeshthan–Budhar–Wamikot–Hile-Paludev–Deurali–Salime–Swara–Malika –Kot–Koteshwar–Gwadikachaur–Gajung a–Gairakhark Padmarg |
| 2 | MMEB30/ NCB/WO RKS/ PADMAR-GA/1- 3/2082/083 | Gramin Path/Sadak Pahuch Purbadhar Sudhar Tatha Istarunati Yojana/W123/LISP -2082/083. | 39,48,390/ | 3,000/ | 110000/- | (April.- 24)/ 24-04-2026 13:00 | Site- Maidan Gohoda–Thela–Sajanbot–Musikot Darbar–Paudi–Chhatrabhumi–Tikhechuli –BagahaPadmarg |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents through PPMO´s Website www.bolpatra.gov.np/egp.

# Binayi Community Forest User Group

**Binayi Tribeni 1, Nawalparasi (East of Bardaghat Susta)**
**Gandaki province, Nepal**
**Est: 2060 BS**

## Invitation For Online Bids

Date of publication: 2082/12/10, (24thMarch, 2026)

1. As per the agreement between the Forest and Farm Facility (FFF) FAO and the Office of Binayi Community Forest User Group, this CFUG requires the purchase of the following machinery with the specifications mentioned below.
2. Interested machinery suppliers are requested to submit their quotations, including VAT, either via the official email binayicommunityforest@gmail.com or at the office with the necessary documents within 15 days of this notice. The machine must be of high quality. The supplier will be held responsible if it fails to meet quality standards.

| S. N. | Description of Works | Specifications | Date of Pre-bid Meeting | Bid Opening Date | Bid Valid Period | Last Date of Bid |
|---|---|---|---|---|---|---|
| 1 | Compost turner | • PTO driven • Ideal for windrow size: 2800mm*1500mm • Eligible for 45hp tractor | 2082/12/04 (18th March, 2026) at 1:00 PM | 2082/12/10 (24th March, 2026) After 1:00 PM | 15 Days | 2082/12/25 (8th April, 2026) Before 12:00 PM |
| 2 | Hilltake stainless steel tank | Capacity: 2000 litres | 2082/12/04 (18th March, 2026) at 1:00 PM | 2082/12/10 (24th March, 2026) After 1:00 PM | 15 Days | 2082/12/25 (8th April, 2026) Before 12:00 PM |
| 3 | Compost pulverizer/ crusher machine | • HP/RPM/Phase: 20hp, 1440 rpm, 3phase • Capacity: 180-250kg/hr | 2082/12/04 (18th March, 2026) at 1:00 PM | 2082/12/10 (24th March 2026) After 1:00 PM | 15 Days | 2082/12/25 (8th April, 2026) Before 12:00 PM |
| 4 | Mixing machine | • Capacity: 500-700kg/hr • Motor hp: 7.5hp • RPM: 20-25 rpm | 2082/12/04 (18thMarch, 2026) at 1:00 PM | 2082/12/10 (24th March, 2026) After 1:00 PM | 15 Days | 2082/12/25 (8thApril, 2026) Before 12:00 PM |
| 5 | Packaging Machine | • Sack sewing machine • 5 kg Plastic packet sealing machine | 2082/12/04 (18th March, 2026) at 1:00 PM | 2082/12/10 (24th March, 2026) After 1:00 PM | 15 Days | 2082/12/25 8thApril, 2026) Before 12:00 PM |

Required Documents to be attached

1. Application on the company or seller's official letterhead
2. Copy of the firm's official registration and renewal certificate
3. Copy of the PAN or VAT registration certificate
4. Copy of the firm's renewal or tax clearance certificate from the previous fiscal year
5. Certificate detailed technical specifications of the machine

# Bardaghat Municipality

## Office of the Municipal Executive

Bardaghat, Nawalparasi (Ba. Su. West), Lumbini Province, Nepal

## INVITATION FOR BIDS (EBIDDINGONLY)

**First Date of Publication: 2026/03/24 (10th of Chaitra, 2082 BS)**

1. Bardaghat Municipality, Office of the Municipal Executive invites electronic bids from eligiblebidders for the following work.

| S.N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount Without VAT &Contingencies | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | BAR/SQ/ Goods/39/ 082/083 | Supplying and installation of AC LED street light at Bardaghat Municipality ward no. 6 and 11. | 45/75 days | 3,40,090.00 | 10,000 | 1,000 |

| Account No. for bid document purchase fee: | Account No. for bid security deposit: |
|---|---|
| **Name of Bank:** NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi | **Name of Bank:** NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi |
| **Name of Office:** Bardaghat Municipality, Bardaghat | **Name of Office:** Bardaghat Municipality, Bardaghat |
| **Account Number (Antarik Rajaswo):** 0832050028211002 | **Account Number (Dharauti Khata):** 8341498482524004 |
| **Deadline of bid submission** | **Date and time of bid opening** |
| 2026/04/08till 12:00 Noon | 2026/04/08at 1:00 PM |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bardaghat Municipality, Bardaghat, Nawalparasi, Website: www.bardaghatmun.gov.np, PPMO website: www.bolpatra.gov.np/egp Email Id: bardaghatmunicipality@gmail.com , Tel: 078-580210, 078-580407.

**Chief Administrative Officer**

# प्रथम बटौली कप: एमएसएमटी र खुकुरी विजयी







भैरहवा । पृथ्वीनारायण शाह स्पोर्टस् प्रतिष्ठानको आयोजना, रुपन्देही क्रिकेट संघको व्यवस्थापन र बुटवल उप-महानगरपालिकाको सहयोगमा भैरहवामा जारी 'प्रथम बटौली कप-२०८२ टी-२० क्रिकेट प्रतियोगिता सोमबार भएका दुई खेलमा एमएसएमटी क्रिकेट एकेडेमी नैतनवा र लुम्बिनी खुकुरी क्लब विजयी भएका छन् । एमएसएमटीले रेस्पोन्स टीम लुम्बिनीलाई ७ विकेट र खुकुरीले नेपथ्य तिलोत्तमा क्रिकेट एकेडेमीलाई ८ रनले हराउँदै जित निकालेका हुन् ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस जितेर ब्याटिङ गरेको रेस्पोन्सले निर्धारित २० ओभरमा सबै विकेट गुमाएर १ सय २८ रन बनायो । उसका लागि रामजन अलीले ३०, करम हुसेनले २९, नितिन त्रिपाठीले २० र अंगद यादवले १९ रन बनाए । बलिङमा एमएसएमटीका अन्स सिंहले ३, प्रधुमन निषाले २ तथा रित्तिक, अंकु यादव र राज यादवले १-१ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको एमएसएमटीले १८ ओभरमा ३ विकेट गुमाएर १ सय २९ रन बनाउँदै जित निकाल्यो । उसको जितमा आर्यन अग्रहरिले ४७, अर्मन खाँनले अविजित ३०, रोहित यादवले नटआउट २१ र कमरन खानले १० रनको योगदान गरे । बलिङमा रेस्पोन्सका नितिन त्रिपाठी, अजय गौतम र करम हुसेनले १-१ विकेट लिए । खेलमा आर्यन अग्रहरि प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे ।

यस्तै, दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको खुकुरीले १८ ओभर ४ बलमा सबै विकेट गुमाएर ९२ रन बनायो । उसका लागि इकलाख अहमद वारिसले १८, सुमन पाण्डेले १५, बैतुल्लाह खानले ११ र पिन्टु साहनीले १० रन बनाए । बलिङमा नेपथ्यका लक्ष्मण कुमाल र सागर भण्डारीले ३-३ तथा प्रविण ढकाल र तुल्सीराम भण्डारीले २-२ विकेट लिए ।

प्रतित्तरमा नेपथ्यले ८ विकेट गुमाएर ८४ रनमै अलआउट भयो । उसलाई सस्तैमा रोक्न बलिङमा खुकुरीका इकलाख अहमद वारिस र पिन्टु साहनीले २-२ तथा रोशन गौतम, बैतुल्लाह खान र जितेन्द्र केवटले १-१ विकेट हात पारे । नेपथ्यका प्रतीक भट्टराईले २४, लक्ष्मण कुमालले २२ र आशुतोष पाण्डेले १४ रन बनाए पनि जितका लागि पर्याप्त भएन । खेलमा इकलाख अहमद वारिस प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे ।

चैत्र १५ गतेसम्म चल्ने प्रतियोगितामा नेपाल र भारतका गरी १६ टीम सहभागी छन् । आयोजकका अनुसार प्रतियोगिताको विजेता टिमले नगद ५० हजार र ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै, उपविजेताले नगद २५ हजारसहित मेडल, म्यान अफ द सिरिजले ट्रफी र १० हजार, बेष्ट बलर र ब्याटरले ट्रफी र जनही ५ हजार तथा प्रत्येक खेलको म्यान अफ द म्याचले एक हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# दुई उप-समितिद्वारा रक्तदान

बुटवल । रुपन्देही व्यापार संघअन्तर्गत व्याग तथा जुत्ताचप्पल वस्तुगत उपसमितिद्वारा विश्व खुसी दिवसको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ ।

लुम्बिनी प्रादेशिक अस्पताल बुटवलको प्राविधिक सहयोगमा संघको सचिवालयमा आयोजित कार्यक्रममा ५१ युनिट रगत संकलन भएको व्याग तथा जुत्ताचप्पल वस्तुगत उपसमितिका संयोजक उत्तम देवकोटाले बताए ।

कार्यक्रममा संघका अध्यक्ष प्रकाश ढकालले व्यापार संघले व्यवसायीक हकहितका लागि मात्र आफ्नो अभियान नगरेर सामाजिक उत्तरदायित्व समेत निर्वाह आइरहेको स्मरण गराए । उनले रक्तदान जस्तो महादान अरु नभएको चर्चा गर्दै रक्तदानको महत्वका बारेमा व्यवसायीहरुले पनि जनचेतनाका कार्यक्रमहरु आयोजना गर्न सुझाव दिँदै संस्थाले गरेका मानवीय कार्यलाई निरन्तरता दिँदै व्यवसायिक हकहितका लागि एक भएर लाग्न आग्रह गरे ।

जुत्ताचप्पल वस्तुगत उप-समितिका संयोजक उत्तम देवकोटाको अध्यक्षतामा भएको कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष दयानिधि भण्डारी, महासचिव प्रकाशराज पौडेल, सचिव जयलाल न्यौपाने, वृन्दा भट्टराई आचार्य, सह-सचिव नलराज नेपाल, सह-कोषाध्यक्ष जीवनारायण घिमिरे, कार्यसमिति सदस्य, वस्तुगत उपसमिति तथा अन्य व्यवसायीहरुलगायतको उपस्थिति रहेको थियो । कार्यक्रम व्याग वस्तुगत उपसमितिका संयोजक विजयसिंह रायमाझीको सञ्चालनमा सम्पन्न भएको थियो ।

## सन्धिखर्क नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**सन्धिखर्क, अर्घाखाँची**
**लुम्बिनी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

सूचना प्रकाशित मितिः २०८२।१२।१०

यस कार्यालयको मिति २०८२/९/१८ गते मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम यस सन्धिखर्क नगरपालिका अन्तर्गत तपसिल बमोजिमको निर्माण कार्यको लागि सार्वजनिक खरिद अनुमगन कार्यालयको विद्युतीय खरिद पोर्टल www.bolpatra.gov.np मार्फत दर्ता हुन आएका बोलपत्रहरूको मूल्यांङ्कन गर्दा देहाय बमोजिमको बोलपत्र न्यूनतम मूल्यांङ्कित सारभुत रुपमा प्रभावग्राही भई सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनोट गरिएकोले सोहि ऐनको दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र. सं. | ठेक्का नं. | विवरण | छनोट भएको बोलपत्रदाताको नाम | कबोल अंक रू. (मू.अ.कर र पिस समेत) |
|---|---|---|---|---|
| १ | NCB/SM/R/P/22/2082/083 | फुद्वाङ-डिही-किटेनी- खाँचीमैदान-खाँचीखोला देउराली सडक स्तरोन्नति | श्री क्षितिज-धर्मराज-हमजा जेभी, सन्धिखर्क -१, अर्घाखाँची | १६४९२०६२.७९(एक करोड चौसठ्ठी लाख वयानब्बे हजार वैसठ्ठी रुपैया उनासी पैसा मात्र ) |

**प्रमुख प्रशासकीय अधिकृत**

# सर्वसम्मत नेतृत्व चयन गरौं : ढकाल

बुटवल । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रको आवाजलाई सशक्त बनाउन आगामी निर्वाचनमा सर्वसम्मत नेतृत्व चयन गर्न आग्रह गरेका छन् ।

महासंघको निर्वाचनको पूर्वसन्ध्यामा आयोजित कार्यक्रममा बोल्दै उनले निर्वाचनमा हुने प्यानलगत विभाजनले निजी क्षेत्र कमजोर हुने भन्दै समझदारीमा जोड दिएका हुन् । अहिले देशमा दुई तिहाइको स्थायी सरकार बन्ने प्रक्रियामा रहेको र यस्तो बेला निजी क्षेत्र एकढिक्का हुनुपर्ने उनले बताए ।

एक ढिक्का भएर आवाज उठाए मात्रै सरकारले सुन्ने उनको भनाइ छ । आफ्नो विगतको निर्वाचन अनुभव सुनाउँदै उनले भोट दिन्छु भन्ने सबैले भोट नहाल्ने यथार्थलाई बुझ्न उम्मेदवारहरूलाई आग्रह गरे ।

विधानले पदहरू समेत बढाएकाले इगो त्यागेर पदाधिकारी तहमा सर्वसम्मत नेतृत्व चयन गर्न उनले वरिष्ठ उपाध्यक्ष र अन्य उम्मेदवारहरूलाई सुझाव दिए ।

निजी क्षेत्रको एउटै बलियो आवाजका लागि एकताको विकल्प नभएको उनको निष्कर्ष छ ।

उनले भने-'उम्मेदवार साथीहरूलाई के भन्न चाहन्छु भने हामी बसौँ । अध्यक्षज्यू, वरिष्ठ उपाध्यक्षज्यू, पूर्वअध्यक्षज्यूहरूलाई पनि म भन्न चाहन्छु हामी समझदारी गरौँ । यो विधानले वास्तवमा पदहरू पनि बढाएको छ । तपाईंहरू धेरैजना पनि हुनुहुन्न र तपाईंहरूले इगो पनि नराख्नुस् ।'

अध्यक्ष ढकालले नेपाल उद्योग वाणिज्य महासंघको संशोधित विधानले जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरूको प्रतिनिधित्व र अधिकारलाई व्यापक बनाएको बताए ।




# प्रहरीद्वारा अवैध सामान बरामद

परासी । नवलपरासी प्रहरीले अवैध रुपमा भन्सार छलि ल्याएको सामान बरामद गरेको छ । इलाका प्रहरी कार्यालय सुनवल नवलपरासी अवैध रुपमा भन्सार छलि लुकाएर राखेको अवस्थामा बरामद गरेको हो ।

विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय सुनवलका निरीक्षक लक्ष्मण देवकोटाको कमाण्डमा खटिएको टोलीले सुनवल नगरपालिका-११ भडेरीस्थित एक घरमा भाडामा लिइएको सटर कोठाबाट उक्त सामान बरामद गरिएको बरामद जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी वीरदत्त पन्तले जानकारी दिए ।

उनकाअनुसार मूल्य १६ लाख बराबरको रहेको बताए । मोबाइलमा प्रयोग हुने ५ लाख ६१ हजार बराबरको २२ हजार ५ सय पिस मोबाइल ग्लास र २ लाख ८५ हजार बराबरको १ सय ९० पिस एयर फोन रहेको छ । उक्त आवश्यक प्रकृयाका लागि महेशपुर भन्सार कार्यालय पठाएको प्रहरी जनाएको छ ।

## Malarani Rural Municipality

**Khanadaha, Arghakhanchi**
**Lumbini Province, Nepal**

## Invitation for Bids

Date of publication: 24 th march, 2026 (2082/12/10)

Malarani Rural Municipality, Khanadaha, Arghakhanchi invites electronic Sealed Quotations/Bids from eligible bidders for the procurementand supply of works as mentioned below:

| IFB No. | Contract Name | Contract id | Bid Document Fee (NPR) | Bid security Amount (NPR) | Last Date for Bid Submission |
|---|---|---|---|---|---|
| 1 | Upgradation of majhakhanar-khajune khola-motarable road and goyeli yakrate sabhahall motarable road malarani 3 | MRM/W/SQ/082/083/34 | 1000.00 | 24000 | 7/04/2026 12:00 P.M (2082/12/24) |
| 2 | Kavarneta and kunakharka field preparation works malarani 3 | MRM/W/SQ/082/083/35 | 1000.00 | 30000 | 7/04/2026 12:00 P.M (2082/12/24) |
| 3 | Construction of khop Kendra bhawan in different ward of malarani rural municipality | MRM/W/SQ/082/083/33 | 1000.00 | 45000 | 2/04/2026 12:00 P.M (2082/12/24) |

For more details, please visit PPMO website: www.bolpatra.gov.np/egp. or www.malaranimun.gov.np. or scan the QR code for full notice.

## वैदेशिक रोजगारमा जानेले घरमा

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि
- निरोगिताको प्रमाणपत्रको प्रतिलिपि
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि
- म्यान पावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि
- विमा गराएको कागजको प्रतिलिपि
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण ।

**वैदेशिक रोजगारमा रहँदा कठिनाइ उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन् ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**

## Binayi Tribeni Rural Municipality

### Office of The Rural Municipal Executive

Dumkibas, Nawalparasi (East of Bardaghat Susta)
Gandaki Province, Nepal
Est: 2073

## Invitation For Online Bids

**1st Date of publication: 2082/10/01, (15th Jan 2026)**
**2nd Date of Publication: 2082/12/10, (24th April 2026)**

1. Office of Binayi Tribeni Rural Municipality invites electronic bids from eligible bidders for the following goods under National Competitive Bidding procedures.

| S.N. | Contract ID | Description of Works | Estimate Amount with VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 26/BTRM/NCB/Goods/2082-083 | Procurement of Essential Medical Equipment | 10696999.99 | 320000.00 | 3000.00 | 2082/12/25 (24th, March, 2026) Before 12:00 | 90 Days | 2082/12/19(2th, April, 2026) at 1:00 PM | 2082/12/25(8th, April, 2026) After 1:00 | |
| Cost of Bidding Document in Bank | | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata: 00815413078 | | | | | | | | |
| Cost of Bid Security in Bank | | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East) Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata.: 00815153326 | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com